


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ २३ गते आइतबार ❑ 6 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## ढुंगा, बालुवा र गिटी निकासी गर्ने नीति फिर्ता गर्न माग

**रासस**
**काठमाडौं, २२ जेठ**

विपक्षी दलको गठबन्धनले नेपाल सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत व्यापार घाटा कम गर्ने भनी खानीजन्य ढुंगा, बालुवा र गिटीको निकासी गर्न दिने नीति ल्याइएको जनाई त्यसलाई फिर्ता गर्न माग गरेको छ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेता माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले शनिबार संयुक्त विज्ञप्ति जारी गरी सो माग गरेका हुन्।

उनीहरूले उक्त नीतिले नेपालको तराई क्षेत्रलाई मरुभूमीकरण गर्ने र त्यहाँका बासिन्दालाई बाढी, डुबान र पानीको स्रोत सुक्ने समस्यामा पार्दै जनजीवनलाई नै जोखिमयुक्त बनाउने तर्क गरेका छन् । त्यस्तै आयोडिनयुक्त नूनमा सरकारले अनुदान दिई आपूर्ति गरिरहेकामा हालै बजेटमार्फत कसैलाई फाइदा पुऱ्याउने तथा प्रश्रय दिने मनशायबाट बजेटमा नयाँ थप व्यवस्था गरेको आरोप पनि लगाउँदै गठबन्धनले उक्त निर्णय तत्काल फिर्ता लिन माग गरेको छ।

कोभिड-१९ संक्रमण, रोकथाम नियन्त्रण र उपचारमा जिम्मेवार बन्न तथा लामो निषेधाज्ञाका कारण दैनिक रोजीरोटी गुमाउन पुगेका गरीब, असहाय र श्रमजीवी जनताका लागि विशेष राहत प्याकेज तत्काल घोषणा गर्नसमेत माग गरिएको छ।

प्रतिनिधिसभा विघटनको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेका स्थितिमा मन्त्रिपरिषद्मा पुनर्गठन गरी संवैधानिक र लोकतान्त्रिक मूल्य र मान्यताको उपहास गरिएको आरोप गठबन्धनले लगाएको छ।

## गण्डकी प्रदेशमा थप ५६६ संक्रमित, १५ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ जेठ**

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप ८५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

कास्कीमा ५४ जना पुरुष तथा ३१ जना महिला गरी ८५ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ। पछिल्लो २४ घण्टामा प्रदेशमा १ हजार ५९० जनाको नमुना परीक्षण गरिएकोमा गण्डकी प्रदेशमा थप ५६६ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ। कास्कीका ८५ सहित म्याग्दीका ३१ जना, स्याङ्जाका ३४ जना, बाग्लुङका ११४ जना, पर्वतका १९ जना, तनहुँका ३० जना, गोरखाका ७२ जना, लमजुङका ५० जना र नवलपुरका १२१ जना गरी प्रदेशका ९ जिल्लामा २७४ पुरुष तथा २९२ जना महिलामा कोरोना पुष्टि भएको हो।

योसँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ४५ हजार ९८७ पुगेको छ। पछिल्लो २४ घण्टामा ५२३ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या ३५ हजार ७७३ पुगेको छ । पोखराका अस्पतालहरुमा उपचाररत ११ जनासहित गण्डकी प्रदेशका थप १५ जना कोरोना संक्रमितहरुको मृत्यु भएको छ। निर्देशनालयका अनुसार प्रदेशमा कोरोना संक्रमणबाट निधन हुनेको संख्या ७४८ पुगेको छ।

मृतकहरु कास्की जिल्लाका ७ जना, बाग्लुङ जिल्लाका १ जना, तनहुँ जिल्लाका १ जना, म्याग्दी जिल्लाका १ जना, पर्वत जिल्लाका १ जना, लमजुङ जिल्लाका २ जना, गोरखा जिल्लाका १ जना र चितवन जिल्लाका १ जना रहेको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

## संक्रमित हुने भन्दा निको हुने बढी

**रासस**
**काठमाडौं, २२ जेठ**

पछिल्लो २४ घण्टामा कोरोनाबाट सङ्क्रमित हुने भन्दा निको हुनेको सङ्ख्या बढी भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार कूल १६ हजार ८१४ नमूना परीक्षण गरिएकामा पाँच हजार ४२ जनामा सङ्क्रमण पुष्टि भएको छ। यसैगरी निको हुनेको सङ्ख्या आठ हजार २४३ छ। यस आधारमा क्रमशः निको हुनेको संख्यामा बढोत्तरी भएको छ। मन्त्रालयका अनुसार २४ घण्टामा पिसिआर बिधिबाट ११ हजार ४७१ र इन्टिजेन बिधिबाट पाँच हजार ३४३ नमूना परीक्षण गरिएको थियो। यस्तै, नेपाली सेनाले विभिन्न मितिमा गरेको शव व्यवस्थापनसहित ६८ जनाको निधन भएको छ। हालसम्म कूल सात हजार ७९९ जनाको कोरोनाबाट दुःखद निधन भएको छ। हालसम्म कूल पाँच लाख ८५ हजार १०० कोरोना सङ्क्रमित भएकामा चार लाख ८४ हजार ३७३ जना निको भएका छन्। यस आधारमा कूल निको हुने दर ८२.८ प्रतिशत रहेको छ।

काठमाडौँ उपत्यकाका तीन जिल्ला मध्ये काठमाडौँमा १३ हजार १५९ सक्रिय सङ्क्रमित छन्। एक लाख ७८ हजार ६६२ जना निको भएका छन् भने एक हजार ६७६ जनाको निधन भएको छ।

यस्तै, भक्तपुरमा तीन हजार ७६७ जना सक्रिय सङ्क्रमित छन् भने १६ हजार ५९४ जना निको हुँदा ३३४ जनाको ज्यान गएको छ। ललितपुरमा पाँच हजार ११८ जना सक्रिय सङ्क्रमित रहँदा २९ हजाार ६६ जना निको भइसकेका छन्।

## पर्यटन व्यवसायीले वितरण गरे राहत

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ जेठ**

यहाँका दुई पर्यटन व्यवसायीले समस्यामा परेका १८ अपाङ्गता भएका व्यक्तिलाई घरघरमा पुगेर राहत सामग्री वितरण गरेका छन्।

स्वालम्बन जीवन पद्धति केन्द्र पोखराले अपाङ्गता भएकाहरूलाई तत्काल राहत सामग्रीको आवश्यकता भएको जानकारी गराए लगत्तै माउण्ट कैलाशका सञ्चालक नरेश भट्टराई र प्याराडिसो स्पोर्टस एण्ड बारका सञ्चालक गोपीबहादुर भट्टराईले खाद्यान्न सामग्री उपलब्ध गराएको केन्द्रका महासचिव अन्जना केसीले जानकारी दिइन। 'कोरोना महामारीका कारण अहिले निषेधाज्ञा जारी छ, सीपमूलक कामबाट जीवन चलाइरहेका उनीहरूले अहिले काम गर्न पाएका छैनन्, त्यसैगरी अन्यत्र काम गरेर



जीवन धान्दै आएका अपाङ्गता भएकाका परिवार पनि अहिले कामविहीन भएका छन्, त्यसैले राहत आवश्यता पऱ्यो', केसीले भनिन्, 'हामीलाई राहतको आवश्यकता भएको भनेर जोजोले नाम टिपाउनुभयो उहाँहरूको अवस्था हेरेर सहयोगको अपिल गरेका थियौं, पर्यटन व्यवसायीबाट तत्काल सहयोग मिल्यो।'

पर्यटन व्यवसायी नरेशले यो महामारीमा धेरैलाई समस्या भएको र त्यसमा पनि अपाङ्गता भएकाहरूको अवस्था झनै कष्टकर रहेको खबर पाएपछि सहयोग गरिएको जानकारी दिए । उनका अनुसार केन्द्रका अध्यक्ष हेमबहादुर गुरुङका समन्वयमा तुरुन्तै लिन आउन असहज भएकालाई राहत सामग्री घरघरमा नै पुऱ्याउन व्यवस्था गरिएको थियो।

पोखरा पर्यटन परिषद्का अध्यक्षसमेत रहनुभएका अर्का व्यवसायी गोपीबहादुरले असहज अवस्थमा मानवीय सेवानै धर्म भएकाले सहयोग गरेको बताए । उनले तत्कालको आवश्यकतालाई हेरेर १८ जनलाई २ हजार ५०० बराबरको खाद्यान्न वितरण गरिएको जानकारी दिए। केन्द्रका अध्यक्ष गुरुङ्गले अपाङ्गता भएका व्यक्तिका समस्यालाई तत्काल सम्बोधन गरेर घरघरमै राहत सामग्री पुऱ्याउन पहल गरेकामा व्यवसायीद्वयलाई धन्यवाद दिँदै राज्यबाट पनि यस क्षेत्रका व्यक्तिको समस्यालाई तत्काल सम्बोधन गर्न आग्रह गरे।

## कोरोना महामारीमा पनि पुम्दीकोटमा बिशाल महादेवको मुर्ति निर्माण कार्य जारी

### असोजदेखि दर्शनार्थीको लागि खुल्ला गरिने अध्यक्ष बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ जेठ**

गण्डकी प्रदेशको राजधानि पोखराको नयाँ गन्तव्य धार्मिक एवं पर्यटकीय स्थल बिशाल महादेव मुर्ति निर्माणको काम हाल दोश्रो चरणको कोरोनाको महामारीमा पनि निरन्तर रुपमा जारी रहेको छ।

पहिलो चरणको कोरोनाको समयमा जस्तै यस बर्ष दोश्रो चरणको कोरोना महामारीमा पनि आफुहरुले आवश्यक स्वास्थ्य मापदण्ड पालना गर्दै बिशाल महादेवको मुर्ति निर्माण कार्यलाई निरन्तरता दिदै आएको पुम्दीकोट कोट विकास समिति एवं बिशाल महादेव मुर्ति निर्माण समितिका अध्यक्ष उद्योगपति चन्द्रकान्त बरालले बताए।



आउदो असोज महिना देखि शिव एवं भगवान महादेवका भक्तहरुलाई दर्शन गर्न खुल्ला गराउने गरी हाल भौतिक निर्माणको काम तिव्र पारिएको उनले बताए। उनका अनुसार हाल दैनिक जसो करिब २०/२५ जना मजदुरहरु उक्तः परियोजनामा संलग्न भएका छन् । करिब ८ महिना अघि भारतबाट ल्याइएको बिशाल महादेवको मुर्तिको विभिन्न भागलाई भारतिय कालिगढहरुले लिफ्ट र क्रेनको सहायताले मुर्ति जडान गरेसंगै मुर्ति रंग रोगनको काम हालै सम्पन्न भएको समेत अध्यक्ष बरालले जनाए। सिंह आसनमा बसेको ५१ फिट अग्लो बिशाल महादेवको मुर्ति भारतको मथुरामा बनाइएको हो । समितिले एक सय ८९ फिट अग्लो उक्त मुर्ति बनाउने तयारी गरे पनि पोखरामा अन्तराष्ट्रिय क्षेत्रिय विमानस्थल समेत निर्माणकै क्रममा भएकोले हवाई रुटमा यस क्षेत्र पर्ने भएकोले त्यसको उचाई घटाइएको हो।

हिल ट्याङ्क प्रा.लि.का प्रबन्ध संचालक उद्योगपति एवं समाजसेवी कमल जयनले अष्ट धातु जडित फाइवर ग्लाँसको उक्त मुर्ति प्रायोजन गरेका हुन् । कोरोनाको कारण मुर्ति स्थापनामा केही ढिलाई भएको अध्यक्ष बरालले हामीलाई बताए। कोरोना र देशको अबस्था हेरीकन आगामी असोज महिनामा उक्त मुर्तिको औपचारिक रुपमा उद्घाटन गरी आम पर्यटक एवं भगवान शिवका भक्तहरुलाई दर्शनको लागि खुल्ला गरिने तयारी स्वरुप हाल निर्माण कार्य तिव्र गतिमा भएको उनले जनाए।

हाल एक सय ८ स्वर्गद्धारी सिडी, अपाङ्क मैत्रि ढलान बाटो, कार्यालय भवन सहितको टिकट काउण्टर र सौचालयको भवन समेत निर्माण भई रहेको अध्यक्ष बरालले बताए।

पोखरामा एक दिनको पर्यटकको बसाई अवधि लम्वाउने उद्धेश्यले स्थापना गर्न लागिएको उक्त मुर्ति जडान भएसंगै समितिले पहिलो चरणको काम पश्चात पुनः दोश्रो चरणको काम बर्षेनी चरणबद्ध ढंगले गर्ने भएको छ। ४० करोडको उक्त योजनामा हालसम्म करिब १९ करोड रुपैया खर्च भएको अध्यक्ष बरालले बताए। मनो रेल सहितको ग्रिनरी पार्क, पार्किङ, तार वार, रेलिङ, स्मृति पार्क लगायतका भौतिक संरचना निर्माण गर्ने समितिले लक्ष्य राखेको छ। रातको समयमा ताण्डव नृत्य प्रर्दशन गरी एक रात पर्यटकलाईं पुम्दीकोटमै बसाल्ने अभियामना पुम्देली लाग्ने भएको उनल जनाए।

## विश्व वातावरण दिवसमा तुलसी खेती

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ जेठ**

विश्व वातावरण दिवसको अवसरमा पोखरामा तुलसी खेत गर्न सुरु गरिएको छ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट) र बरपाण्डेथुम जेष्ठ नागरिक चौतारीको सहकार्यमा 'खाद्य हरीयाली सहर कार्यक्रम' अन्तर्गत पोखरा महानगरपालिका ३३ (साविक भरतपोखरीमा) तुलसी खेती गर्न सुरु गरिएको हो । उक्त कार्यक्रममा बरपाण्डेथुम जेष्ठ नागरिक चौतारीका अध्यक्ष केशवराज लम्सालले तुलसीको बिउ छरेर कार्यक्रमको उद्घाटन गर्दै मानव स्वास्थ्यको लागि तुलसीको धेरै महत्व भएको दाबी गरे । साना ठूला गरेर तिन वटा टडेंलमा दुई किलो तुलसीको बिउ छरेको उनले जनाए। बरपाण्डेथुम जेष्ठ नागरिक चौतारीको सेवा क्षेत्रका करीव दुई सय घरलाई प्रति घर ५० वोटा तुलसीका बिरुवा बितरण गर्ने र उहाँहरुलाई तुलसी खेती प्रति आकर्षण गरिने भएको लम्सालले बताए। बिरुवा रोपेको ८० देखि ९० दिनसम्ममा तुलसी टिपेर बिक्रीका लागि तयार हुने भएको बताएका उनले तयार भएको तुलसीको बजारीकरणको जिम्मा बरपाण्डेथुम जेष्ठ नागरिक चौतारीले लिने जनाए। तुलसीको पत्ता बाट चिया र तुलसी बिउको माग अत्याधिक रहेकोले उत्पादन पछिको समस्या नरहेको चौतारीका सचिव मोती भुजेलले बताए । उनले भने 'तुलसी महत्वपूर्ण बिरुवा हो थाहा थियो तर खेती नै गरिन्छ भन्ने अहिले मात्र थाहा पाए।' बन उपभोक्ता समुहका सबैलाइ यसमा जेडीन आव्हान गर्ने र सक्दो सहयोग गर्ने गैरी भञ्ज्याङ्ग काफलडाँडा बन उपभोक्ता समुहका अध्यक्ष

बाँकी अन्तिम पृष्ठमा ▶▶



# विश्व वातावरण दिवसको अवसरमा वृक्षारोपण

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

विश्व वातावरण दिवसको अवसरमा बाबा फाउण्डेशन नेपालद्वारा वृक्षारोपण कार्य सम्पन्न गरेको छ।

फाउण्डेशनले शनिवार निर्माण सम्पन्न हुदै गरेको जल्लिा ट्राफिक कार्यालय कास्कीको हाता भित्र विभिन्न प्रजातिका २४ वटा फलफुलका बोट रोपी विश्व वातावरण दिवस सम्पन्न गरेको छ।

जसमध्ये लिची, अम्बा, जामुन, मेकाडिया नट, कागती, एवोकाडो, मेंगोस्ट्रिंग, अमला, गोल्डेन धुपी, मयूर पखी धुपी लगाएत बोटहरू रहेका फाउण्डेशनका सचिव टंक अधिकारीले जानकारी दिनुभयो।




फाउण्डेशनका अध्यक्ष दिलीपराज श्रेष्ठले जल्लिा ट्राफिक कार्यालय कास्कीका प्रमुख अमृत बहादुर बस्नेतलाई विरुवा हस्तान्तरण गरी कार्यक्रम उद्घाटन गरिएको थियो । कार्यक्रममा फाउण्डेशनका अध्यक्ष श्रेष्ठले बाबा फाउण्डेशनले प्रत्येक बर्षको जुन ५ का दिन विश्व वातावरण दिवस विभिन्न कार्यक्रमका साथ मनाउदै आएकोमा गत बर्ष र यस बर्ष देशमा जारी लकडाउनका कारण विश्व वातावरण दिवस मनाउन नपाएकोमा दुःख मनाउ गर्नु भएको थियो।

फाउण्डेशनका सचिव अधिकारीले यस बर्षको विश्व वातावरण दिबसको नारा 'इकोसिस्टम पुनःस्थापन' भन्ने रहेको जानकारी गराउदै वातावरण दिबसमा यसको सान्दर्भिकता र महत्वको बारेमा चर्चा गर्ने कार्यक्रम रहेको तर, लकडाउनका कारण गर्न नसकिएको बताउनु भयो।

सो कार्यक्रममा जल्लिा ट्राफिक कार्यालय कास्कीका प्रमुख अमृतबहादुर बस्नेतले मावन जीवनसंग जोडिएको वातावरण जोगाउन फाउण्डेशनले गरेको प्रयास अतुलनिय रहेको बताउनु भयो। उहाँले फाउण्डेशनका अध्यक्ष दिलीपराज श्रेष्ठको अगुवाईमा जल्लिा ट्राफिक कार्यालय निर्माण भएको र सोहि हाताभित्र विश्व वातावरण दिवसका दिन वृक्षारोपण गरेकोमा धन्यवाद व्यक्त गर्नु भएको थियो।

# विश्वहिन्दु महासंघद्वारा पोखरा वृद्धाश्रमलाई तरकारी सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाईरसको कारणले हरेक क्षेत्रलाई निकै प्रतिकुल असर पारेको छ जसमा सेवा र सहयोगका निम्ति स्थापना भएका संघसंस्थालाई भने निकै अप्ठ्यारो परिस्थितिको सामना गरिरह्नु परेको छ।

पोखरा महानगरपालिका वडा नं १७ सितापाईला स्थित पोखरा वृद्धाश्रममा कोरोना कहरका कारण सहयोगीदाताहरुको कमि भएपछि ताजा तरकारी लगायतका बस्तुहरूको अभाब शुरु भएको थियो । यो बिषम परिस्थितिमा नागरिकोको सेवा र सहयोग बाट संचालित सबै जसो आश्रमहरुमा यस्ता समस्या शुरु भएको छ । यहि बिषयलाई मध्यनजर गर्दै विश्वहिन्दु महासंघले बिभिन्न आश्रम र गुरुकुलहरुमा आवश्यक सहयोगहरू प्रदान गर्दै आएको छ। सोही शिलशिलामा पोखरा बृद्दाश्रममा तरकारीको अभाब भएको थाहा भएपछि शनिबार



विश्वहिन्दु महासंघ पोखरा नगर कमिटिले पोखरा बृद्दश्रमलाई तिन दिनलाई पुग्ने गरि करिब ६० केजी तरकारी सहयोग गरेको छ। विश्वहिन्दु महासंघ नगर कमिटिका अध्यक्ष सबिना क्षेत्रीको नेतृत्वमा आश्रमका अध्यक्ष कुशुम केशब पराजुलीलाई तरकारी हस्तान्तरण गर्नुभएको हो। पोखरा बृद्दाश्रमलाई दैनिक २० किलो तरकारी आवश्यक पर्ने गरेको र ति सबै दाताहरुबाट नै प्राप्त हुने गरेको भन्दै अहिले कोभिड १९ को कारणले दातामा कमीआएको पोखरा वृद्धाश्रमका अध्यक्ष कुशुम केशव पराजुलीले बताउनुभयो । यस्तो विषम परिस्थितिमा विश्वहिन्दु महासंघ जस्ता संघ-संस्थाहरुको अति आवश्यक महशुस हुदो रहेछ, भ उहाँले भन्नुभयो। यस्तो महामारीको समयमा पनि आफ्नो कर्तब्य सम्भेर सहयोग गर्ने सम्पूर्ण दाताहरूलाई आश्रमका अध्यक्ष पराजुलीले धन्यबाद ज्ञापन गर्नुभयो। विश्वहिन्दु महासंघ नगर कमिटि अध्यक्ष क्षेत्रीले आगामी दिनमा समेत आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाउनुभयो।

# 'मानव जीवनका लागि वातावरणमैत्री सन्तुलित विकास आवश्यक'

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

गण्डकी प्रदेशका प्रदेशप्रमुख सीताकुमारी पौडेलले स्वस्थ मानव जीवनका लागि वातावरणमैत्री सन्तुलित विकास आवश्यक रहेको बताउनुभएको छ।

विश्व वातावरण दिवसका अवसरमा शनिबार सम्पूर्ण मानवजातिलाई शुभकामना दिँदै उहाँले प्राणीजगत्को जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने वातावरण संरक्षणको विषयमा मानवजातिले विशेष ध्यान दिन नसक्दा आज विभिन्न खालका समस्या र चुनौती देखापरेको जनाउँदै स्वच्छ वातावरणतर्फ अग्रसर हुन आग्रह गर्नुभएको हो।

"स्वच्छ, सफा र हराभरा प्रकृति मानव र प्राणीजगत्को स्वस्थ जीवनसँग जोडिएको हुन्छ, प्राणीजगत्को जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने वातावरण संरक्षणको विषयमा मानवजातिले विशेष ध्यान दिन नसक्दा आज विभिन्न खालका समस्या र चुनौती देखापरेका छन्", सन्देशमा भनिएको छ।

मानवीय असन्तुलित क्रियाकलापका कारण एकमात्र जीवन सम्भव रहेको सौर्यमण्डलको ग्रह पृथ्वीमा रहेका प्राकृतिक स्रोत जल, जमीन, जङ्गल र वायु दिनप्रतिदिन प्रदूषित हुँदै गइरहेका छन् । त्यसका कारण विभिन्न समयमा प्राकृतिक प्रकोप र अनेक महामारी निम्तिरहेको सन्देशमा उल्लेख गरिएको छ। उहाँले यसलाई नियन्त्रण गर्न एकमात्र आधार भनेको वातावरणमैत्री सन्तुलित विकासका निम्ति तर्जुमा भएका नीतिनियम तथा कानूनको कडाइका साथ पालना गर्दै सोको कार्यान्वयनमा सबै सरोकारवाला निकायले आफ्नो जिम्मेवारी र कर्तव्य सम्झेर पालना गर्न सम्पूर्ण मानव जातिलाई आग्रह गर्नुभएको छ । अहिले कोरोना महामारीसँग मानवजगत् सङ्घर्ष गरिरहेको जनाउँदै महामारीलाई परास्त गर्न स्वच्छ हावा र गुणस्तरीय प्राकृतिक स्रोत तथा साधनको पनि उत्तिकै महत्व रहेको सन्देशमा उल्लेख छ । उहाँले यसको संरक्षण गर्दै दिगो विकास र वातावरण संरक्षण, संवर्द्धन तथा व्यवस्थापन गर्नेतर्फ सबैले जिम्मेवारी र दायित्व बोध गरेर अघि बढ्न आह्वानसमेत गर्नुभएको छ।

संयुक्त राष्ट्र सङ्घको आह्वानमा सन् १९७३ जुन ५ देखि विश्व वातावरण दिवस मनाइँदै आइएको छ। मानव र प्राणीजगत्को जीवन र सभ्यताको प्रमुख आधारका रूपमा रहेको प्रकृतिको संरक्षण गर्ने उद्देश्यका साथ मनाउन थालिएको वातावरण दिवसको यस वर्षको राष्ट्रिय नारा 'नयाँ सोच र सिर्जना, प्राकृतिक प्रणालीको पुनर्स्थापना' भन्ने छ । नेपालको संविधानले पनि सबै नेपालीका लागि स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक सुनिश्चित गरेको छ भने सरकारले सन्तुलित, दिगो र तीव्र आर्थिक सामाजिक विकासका लागि वातावरणमैत्री नीति तथा प्रविधिको उपयोग र प्रवर्द्धन गर्ने नीति लिएको छ।

# कोरोना रोकथाम र नियन्त्रणमा सरकार जिम्मेवार बनेन : काँग्रेस

रासस
काठमाडौं, २२ जेठ

नेपाली काँग्रेसका उपसभापति विमलेन्द्र निधिले पार्टीले क्रियाशिल सदस्यतालाई चाँडो टुङ्ग्याएर १४ औं महाधिवेशन गर्नुपर्ने बताउनुभएको छ । काँग्रेस काठमाडौंस्थित जिल्ला सम्पर्क समितिद्धारा आज यहाँ आयोजित 'वर्तमान सङ्कटमा काँग्रेसको भूमिका' विषयक भर्चुअल सम्वाद कार्यक्रममा उहाँले अब पार्टीका सबैतहले महाधिवेशनमा आफ्नो ध्यान केन्द्रीत गर्नुपर्छ भन्नुभयो।

"आठ लाख हाराहारीमा क्रियाशिल सदस्यता पार्टी केन्द्रीय कार्यालयमा दर्ता भइसकेको छ, दर्ता हुन बाँकी रहेका क्रियाशिल सदस्यता पनि चाँडो टुङ्ग्याएर समयमा नै महाधिवेशन गर्नुपर्छ," उहाँले भन्नुभयो। पूर्व उपप्रधानमन्त्री निधिले काँग्रेसले संविधानको धारा ७६ (५) अनुसार प्रधानमन्त्रीमा दावी गरेको बताउनुभयो। काँग्रेस केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले कोरोनाको नियन्त्रणमा सरकारले पूर्वतयारी गर्न नसक्दा भयावह अवस्था आएको आरोप लगाउनुभयो। अर्का केन्द्रीय सदस्य दिलेन्द्रप्रसाद वडुले कोरोना सङ्क्रमणको रोकथाम र नियन्त्रणमा सरकार जिम्मेवार बन्न नसकेको बताउनुभयो। काँग्रेस केन्द्रीय सदस्य पुष्पा भुसालले काँग्रेसको १४ औं महाधिवेशन समयमा नै सम्पन्न गर्नुपर्ने बताउनुभयो।




# कास्कीका चार गाउँपालिकालाई अक्सिजन कन्सन्ट्रेटर

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

कास्कीका चार गाउँपालिकालाई अक्सिजन कन्सन्ट्रेटर लगायतका स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छ।


काठमाडौंको बोधिसत्व विहार र सामाजिक अभियानकर्मी शान्त शर्माको सहयोगमा कोरोनाको दोस्रो लहर रोकथाम र सङ्क्रमण न्यूनीकरणमा क्रियाशील स्थानीय तहहरुलाई स्वास्थ्य सामग्री प्रदान गरिएको हो । कोरोना सङ्क्रमित बिरामीको प्राथमिक उपचार गाउँमै गर्ने गरी जिल्लाका चार वटै स्थानीय तहले अक्सिजन सुविधा सहितको आइसोलेसन अस्पताल सञ्चालनमा ल्याएका छन् । जिल्लाका रुपा, अन्नपूर्ण, माछापुच्छ्रे र मादी गाउँपालिकालाई शुक्रबार पाँच/पाँच लिटर क्षमताको अक्सिजन कन्सन्ट्रेटर मेसिन हस्तान्तरण गरिएको पोखरा संयोजक दीननाथ बरालले बताउनुभयो । कन्सन्ट्रेटर सहित अक्सोमिटर, मास्क, थर्मल गन, प्रेसर नाप्ने मेसिन, सेनिटाइजर, ह्याण्डवास, फिनेल, स्प्रे मेसिन लगायतका स्वास्थ्य सामग्री प्रदान गरिएको थियो।

अक्सिजन अभाव भएको अवस्थामा अक्सिजन कन्सन्टेटर सहितको स्वास्थ्य सामाग्री प्राप्त गर्दा ठूलो राहत महसुश भएको मादी गाउँपालिकाले जनाएको छ। यसैबीच सृजनशील अपाङ्गता सरोकार समितिलाई औषधि सहयोग गरिएको छ । समितिलाई प्यान्टोप्राजोल, कफसिरफ, भिटामिन बि कम्प्लेक्स, सिटामोल, साइनेक्स लगायतका एक कार्टुन औषधि वितरण गरिएको संयोजक बरालले जानकारी दिनुभयो । यसअघि बिहीबार बोधिसत्व विहारबाट प्राप्त स्वास्थ्य सामग्री पोखराका तीन अस्पताललाई प्रदान गरिएको थियो।

## विश्व...

निलराज आचार्यले बताए । उक्त तुलसी खेती आरम्भ कार्यक्रममा दल बहादुर भुजेल, टेकनाथ आचार्य, भुजु कुमारी भुजेल, मन्जु आचार्य, दिलीप कार्की लगाएतले अवलोकन गरेका थिए।

विश्व वातावरण दिवस वातावरण संरक्षणको आवश्यकता र अवस्थाबारे सचेतनामुलक कार्यक्रम गरी नेपालमा पनि यो दिवस मनाइदै आएको पाइन्छ । संयुक्त राष्ट्रसंघको आव्हानमा हरेक वर्ष जुन ५ मा यो दिवस मनाउने गरिन्छ। मानव जाति आँफु बस्दै आएको वातावरणको सर्जक र विनाशक दुवै रहेकाले वातावरण संरक्षणमा मानवको भूमिका महत्वपूर्ण छ । यहि कुरालाई ध्यानमा राखेर वातावरण संरक्षणमा मानवीय भूमिकालाई प्रवल बनाउने उद्देश्य सहित दिवस मनाइन्छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

फलको आशा नगरी निरन्तर काम गर्दै अघि बढ ।
– गीता

## सम्पादकीय

# मन्त्रिपरिषद्मा फेरबदल

प्रधानमन्त्री केपी ओलीले शुक्रबार मन्त्रिपरिषद्मा व्यापक हेरफेर गरेका छन् । जनता समाजवादी पार्टी (जसपा) महन्थ ठाकुर र राजेन्द्र महतो समूहलाई सरकारमा सहभागी गराउँदै ओलीले मन्त्रिपरिषद् पुनर्गठन गर्दा व्यापक हेरफेर गरेर प्रतिक्रिया जनाउने ठाउँ दिएका छन । ओलीले जसपाका आठ मन्त्री र दुई राज्य मन्त्रीलाई शपथ ग्रहण गरेका छन् भने एमालेका चारबाहेक सबै मन्त्रीलाई पदमुक्त भएका छन । प्रधानमन्त्री ओलीले एमालेका अर्थमन्त्री विष्णु पौडेल, शिक्षामन्त्री कृष्णगोपाल श्रेष्ठ, कानुनमन्त्री लीलानाथ श्रेष्ठ र भौतिक पूर्वाधारमन्त्री वसन्त नेम्वाङबाहेक सबै मन्त्रीलाई हटाएका छन ।

ओलीले जसपालाई सरकारमा सहभागी गराएसँगै पुराना मन्त्रीलाई हटाएर नयाँ मन्त्री नियुक्त गरेका छन ।ओलीले एमालेका नेता रघुवीर महासेठ, शेरबहादुर तामाङलाई मन्त्री बनाएका छन । शेरबहादुर तामाङ स्वास्थ्यमन्त्रीको जिम्मेवारी दिएका छन । ओलीले अर्थमन्त्री विष्णु पौडेल र रघुवीर महासेठ उपप्रधानमन्त्री बनाएका छन् । महासेठलाई परराष्ट्रको जिम्मेवारी दिईएको छ । ओली सरकारमा जसपाका वरिष्ठ उपाध्यक्ष राजेन्द्र महतो उपप्रधान मन्त्री तथा शहरी विकास, शरतसिंह भण्डारी, ऊर्जा, अनिल झा, खानेपानी, बिमल श्रीवास्तव, श्रम, उमाशंकर अरगरिया, पर्यटन लक्ष्मणलाल कर्ण, भूमी व्यवस्था, चन्दा चौधरी, महिला, एकबाल मियाँ, युवा तथा खेलकुद चन्द्रकान्त चौधरी, ऊर्जा राज्यमन्त्री, रेणुका गुरुङले महिला राज्य मन्त्रीको शपथ लिएका छन ।

एमालेका महासचिव ईश्वर पोखेल, प्रबक्ता प्रदिप ज्ञवाली, भानुभक्त ढकाल, पद्मा अर्याल, डा. शिवमाया तुम्बाहाम्फे, प्रेम आले, पार्वत गुरुङ, ह्रिदेश त्रिपाठी, ठगुन्ना, मन्त्री बाट हटेका छन । राज्यमन्त्री नवराज रावत, रामबीर मानन्धर र विमला बिक हटेका छन । मन्त्रीहरूको कामको आधारमा भन्दा प्रधानमन्त्रीको तजविजमा हटाउने र थमौति भएको छ। एकैचोटि तीन जना उपप्रधानमन्त्री बनाउने कामको औचित्य देखिन्न । प्रधानमन्त्रीसंग अझै सातवटा मन्त्रालय बाँकी छन । ती मन्त्रालयमा चाँडै मन्त्री नियुक्ति हुनेछ । मन्त्रीका लागि निश्चित मापदण्ड नबनेको हुँदा जो नजिक छन उनैलाई दिने गर्दा पार्टी र आफ्नै गुटमा पनि असन्तुष्टि ल्याउने गर्दछ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | सम्मान मिल्नेछ | तुला | ब्यापारमा लाभ |
| वृष | मन चञ्चल | वृश्चिक | सत्कार मिल्नेछ |
| मिथुन | शत्रुको भय | धनु | झमेला बढ्ने |
| कर्कट | मानसिक तनाव | मकर | शारिरीक झमेला |
| सिंह | आर्थिक समस्या | कुम्भ | सहयोग मिल्नेछ |
| कन्या | कार्यमा सफलता | मीन | अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# भारतमा अझै पनि दैनिक सवा लाख व्यक्ति संक्रमित

रासस
काठमाडौं, २१ जेठ

भारतमा कोरोना भाइससबाट दैनिक सङ्क्रमितहरुको सङ्ख्या अझै पनि एक लाखभन्दा बढी नै रहेको छ। पछिल्ला केही दिनदेखि दैनिक सङ्क्रमितहरुको सङ्ख्या घट्दै गइरहे पनि एक लाखभन्दा बढी नै रहेको पाइएको हो।

सरकारी अधिकारीहरुले शनिबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा एक लाख २० हजार ५२९ जना कोरोना भाइससबाट सङ्क्रमित भएका छन् । यो सङ्ख्या अघिल्लो दिन शुक्रबारको भन्दा ११ हजार ८३५ जना कम भएको तथ्याङ्कमा देखिएको छ।

भारतमा शुक्रबार एक लाख ३२ हजार ३६४ जना कोरोना भाइससबाट सङ्क्रमित भएको विवरण सार्वजनिक भएको थियो । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म दुई करोड ८६ लाख ९४ हजार ८७९ जना सङ्क्रमित भएका छन् ।

अहिले सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या भने १५ लाख ५५ हजार २४८ रहेको पनि मन्त्रालयका अधिकारीहरुले जनाएका छन् । पछिल्लो एक दिनमा भारतमा कोरोना भाइसका कारण तीन हजार ३८० जनाको मृत्यु भएको छ । योसँगै भारतमा अहिलेसम्म कूल मृतकको संख्या तीन लाख ४४ हजार ८२ पुगेको छ । कोरोना भाइरसबाट सङ्क्रमित भएर पनि गत २४ घण्टामा एक लाख ९७ हजार ४९४ जना सङ्क्रमणमुक्त भएका छन् । अहिलेसम्म सङ्क्रमणमुक्त भएकाहरुको कूल सङ्ख्या भने दुई करोड ६७ लाख ९५ लाख ५४९ पुगेको अधिकारीहरुले जनाएका छन् । कूल सङ्क्रमितमध्ये ९३ प्रतिशत सङ्क्रमणमुक्त भएको पाइएको छ।

# जनप्रतिनिधि र कर्मचारीद्वारा 'कन्सनट्रेटर' सहयोग

पोखरापत्र संवाददाता
म्याग्दी, २२ जेठ

म्याग्दीको बेनी नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीले आर्थिक स्रोत जुटाएर अस्पताललाई अक्सिजन कन्सनट्रेटर उपलब्ध गराएका छन् ।

जनप्रतिनिधीले पाउने सुविधाबाट आधा महिनाको रकम र कर्मचारीले स्वेच्छिक नगद सङ्कलन गरेर जुटाएको रकमबाट छ थान अक्सिजन कन्सनट्रेटर खरिद गरेर बेनी अस्पताललाई उपलब्ध गराएका हुन ।

नगर उपप्रमुख सन्जु बरुवाल र प्रमुख प्रशासकीय अधिकृत छबीलाल सुवेदीले शुक्रबार बेनी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बेलबहादुर कटुवाललाई कन्सनट्रेटर हस्तान्तरण गर्नुभयो । कोरोना भाइसबाट सङ्क्रमित भएकाको उपचारका लागि प्रयोग गरिने कन्सनट्रेटर महामारी पछि स्वास प्रस्वास सम्बन्धी समस्या भएका अन्य रोगका बिरामीको उपचारमा उपयोग गरिने अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कटुवालले बताउनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत सुबेदीले जनप्रतिनिधी र कर्मचारीहरुबाट सङ्कलित रकमबाट रु. चार लाख ८० हजार खर्चेर प्रति मिनेट पाँच लिटर क्षमताको अक्सिजन कन्सनट्रेटर खरिद गरेर अस्पताललाई उपलब्ध गराइएको बताउनुभयो । अस्पताललाई आवश्यक पर्ने थप स्वास्थ्य उपकरण पनि उपलब्ध गराइने उहाँले बताउनुभयो । नगरपालिकाले अस्पतालमा बीस शय्या क्षमताको आइसोलेसन स्थापना गर्न करिब रु. सात लाख खर्च गरेको छ।

माउन्ट एभरेष्ट आवासीय माविको पुरानो भवनमा प्रिआइसोलेसन सञ्चालन, टोल टोलमा पुगेर लक्षण देखिएकाको स्वाब नमूना सङ्कलन र एन्टिजेन परिक्षण, सङ्क्रमितलाई अस्पताल र स्वास्थ्य संस्था पुग्न तथा घर फर्कन निःशुल्क गाडीको व्यवस्था मिलाइएको छ। होम आइसोलेसनमा बसेका सङ्क्रमितको अवस्था बुझ्न, मनोबल बढाउन र जनचेतना अभिवृद्धिका लागि स्वास्थ्यकर्मी र जनप्रतिनिधिहरुको टोलीले घरदैलो गरेका छन् ।

यसैगरी माउन्ट हर्ट नेपाल संस्थाले शुक्रबार म्याग्दीको मालिका गाउँपालिकालाई रु. १२ लाख मूल्य बराबरको स्वास्थ्य सामग्री उपलब्ध गराएको छ । गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद रोकाको पहलमा सो सामग्री सहयोग प्राप्त भएको हो ।

त्यसमा सात थान अक्सिजन कन्सन्ट्रेटर, सात थान भोल्टेज रेगुलेटर लगायत सामग्री छन् । माउन्ट हर्ट नेपालले यसअघि बिहिबार मुस्ताङको जोमसोम अस्पताल र पाँच वटा स्थानीय तहलाई दुई/दुई वटाका दरले अक्सिजन कन्सन्ट्रेटर उपकरण लगायत स्वास्थ्य उपकरण सहयोग गरेको थियो ।

# होटेल व्यवसायमै निर्भर मनाङवासीमा कोरोनाले सकस

– नवीन लामिछाने
मनाङ, २२ जेठ

गण्डकी प्रदेशकै पर्यटन प्रवर्द्धनको मुख्य आधार मानिएको हिमाली जिल्ला मनाङको पर्यटन क्षेत्र कोरोनाका कारण सुस्ताएको छ । वसन्त ऋतुको आगमनसँगै पर्यटकीय गुल्जार हुने यहाँ कोरोना कहरले पुनः सुनसान बनेको छ।

विश्वव्यापी महामारीकारुपमा फैलिएको कोरोना भाइरसको प्रभावले गत वर्षको फागुनदेखि धराशायी बनेको यहाँको पर्यटन क्षेत्र कोरोना कहर मत्थर हुँदै जाँदा बिस्तारै लयमा आउने क्रममा थियो । नयाँ भेरियन्टसहितको कोरोनाको दोस्रो लहरको महामारी शुरु भएसँगै गत वैशाख १० गतेदेखि पुनः यहाँको पर्यटन क्षेत्र सुस्ताएको हो ।

देशभरका मुख्य शहरमा कोरोना सङ्क्रमित बढेसँगै वैशाखदेखि लकडाउन शुरु भयो । देशभर कोरोना महामारी बढेसँगै कोरोना रोकथाम तथा नियन्त्रण गर्ने भन्दै जिल्ला प्रशासन कार्यालयले विश्व प्रसिद्ध अन्नपूर्ण पदमार्ग थोरङ्ला भञ्ज्याङ, तिलिचो ताल जस्ता महत्वपूर्ण गन्तव्य आन्तारिक तथा बाह्य पर्यटकका लागि बन्द गर्ने निर्णय गरियो । यस्तै समुदायस्तरमै कोरोना सङ्क्रमण फैलिएपछि प्रशासनले वैशाख महिनादेखि यहाँका शहर गुमनाम छन् । बर्षेनि ६० हजार विदेशी पर्यटक र करीब तीन लाखको सङ्ख्यामा आन्तरिक पर्यटक भित्रिने जिल्लामा नयाँ भेरियन्टको कोरोना प्रभावले सुनसान भएको होटेल व्यवसायी सङ्घका अध्यक्ष विनोद गुरुङले बताउनुभयो । बर्षेनि हिउँदयामको जाडो मौसमपछि गुल्जार हुने मनाङ कोरोना कहरका कारण प्रतिकूल असर पुऱ्याएको उहाँले सुनाउनुभयो । कोरोनाको पहिलो लहरपछि आशा जगाएको यस पर्यटन क्षेत्रमा दोस्रो लहरले पर्यटकीय क्षेत्रलाई ठूलो क्षति पुगेको उहाँको भनाइ छ । अन्नपूर्ण संरक्षण क्षेत्रको वार्षिक तथ्याङ्कअनुसार जिल्लामा बर्षेनि मार्चदेखि जुलाईसम्म प्रत्येक महिना सात हजारदेखि १४ हजारसम्म विदेशी पर्यटक आउने गर्थे । चैतदेखि हजारौँ आन्तरिक पर्यटक विश्वको सर्वाधिक अग्लो स्थानमा रहेको तिलिचो ताल जानका लागि यहाँ आउने गर्छन् ।

यस वर्ष कोरोना कहरका कारण बन्द हुँदा पर्यटकीय गन्तव्य सुनसान छन् । कोरोनाको दोस्रो भेरियन्ट अघि देशका ठूला शहरदेखि मोटरसाइकल र चारपाङ्ग्रे सवारी साधान लमजुङ सदरमुकाम बेँसीशहरदेखि लाम लाग्ने गर्दथे । कोरोना महामारीको पहिलो लहरले थलिएको मनाङको पर्यटन व्यवसायमा केही आशा जगाए पनि कोरोनाको दोस्रो लहरले पुनः यहाँका पर्यटन व्यवसायीमा थप पीडा थपिदिएको चामे गाउँपालिकास्थित हिमालयन होटेल सञ्चालक सीता गुरुङ बताउनुहुन्छ । बर्खायामको वसन्त ऋतुसँगै अनुकूल खुल्ला मौसममा पनि कोरोना कहरले प्रताडित बनाएको यहाँको पर्यटनमा व्यवसायीसमेत कोरोना त्रासमा छन् । यहाँको प्रमुख पर्यटकीय गन्तव्य तिलिचो ताल, थोराङ्ला भञ्ज्याङ, मनासलु क्षेत्र, चामेको तातोपानी कुण्ड, सिङ्गर ताल, गङ्गापूर्ण ताल, काइला पासलगायत हिमाल आरोहणमा आउने बाह्य तथा आन्तरिक पर्यटक मनाङ भित्रिएका छैनन् ।

अहिले जिल्लामा झण्डै एक हजारभन्दा बढी होटेल तथा रेष्टुरेन्ट पूर्णरूपमा बन्द अवस्थामा छन् । कोरोनाले सिर्जना गरेको लकडाउनले यो जिल्ला सुनसान बनेको पर्यटन व्यवसायीको भनाइ छ । कोरोनाका कारण पहिलो पटक जिल्लामा ज्यान गएपछि यहाँका मानिस त्रसित बनेका छन् ।

# 'जडिबुटी मात्रा मिलाएर खाऔं'

रासस
काठमाडौं, २२ जेठ

गुर्जो, असुरो, वन हलेदो, सिमली, पारिजात, लसुन, प्याज, चिराइतो, पाँचऔंले, निरमसी जस्ता जडिबुटीले शरीरमा भएको विषादी हटाउन मद्दत गर्ने भएकाले मात्रा मिलाएर यसको खानुपर्नेमा जोड दिइएको छ।

गुर्जो र बेसारजस्ता जडिबुटीकै विषयमा ५०० भन्दा बढी अनुसन्धान गरी मानव शरीरमा रोग प्रतिरोधी क्षमता बढाउन सहयोग गर्नेप्रमाणित भएको ब्राह्मणसमाज नेपालले आज जुम प्रविधिबाट आयोजना गरेको महामारी र आयुर्वेद विषयक प्रवचन कार्यक्रममा आयुर्वेद चिकित्सक डा ऋषिराम कोइरालाले बताउनुभयो । भारतमा कोरोनाबाट बच्न जडिबुटीको औषधी दिने पाँच लाख आरोग्य धाम निर्माण भएको पनि उहाँले जानकारी दिनुभयो । त्यस्ता धाम नेपालमा पनि खोलिनुपर्ने उहाँको भनाई थियो । मानिसको दैनन्दिनी, के खाने ? के नखाने ? जस्ता विषयमा ध्यान दिएर पनि कोरोनाजस्ता महामारीबाट बच्न सकिने आयुर्वेदका चिकित्सकको सुझाव छ । कोरोनाका बिरामी राखिएका अस्पतालका नर्सले पनि योग र प्राणायाम गराएका उदाहरण सुनाउनुहुँदै चिकित्सक कोइरालाले सूर्य नमस्कार, हिँडडुलजस्ता योग आसन एवं व्यायामले पनि मानव शरीरमा रोगसँग लड्ने क्षमता विकास गर्ने सुनाउनुभयो । गर्मी बढेको अहिलेको समयमा सुठो, मरिच, पिप्ला मिसाएर मुखमा राखे घाँटीको खसखस ठिक गर्ने, ज्वानु, मरिच राखेर वाफ लियो भने नाक र घाँटीमा रहेका कीटाणुलाई निकाल्न सकिने उपचार विधि छ । कागती र फलफूलले शरीरलाई शुद्ध गर्न काम गर्ने भएकाले यसको पनि नियमित सेवन गरिनुपर्ने सल्लाह उहाँले दिनुभएको छ । मूला, फर्सीको बीउ, आलस, मधिशे बदाम, काजुजस्ता चीजबीजको प्रयोगले शरीरलाई स्वस्थ राख्न सहयोग गर्छ । दैनिक एक चम्चा घिउले पनि एण्टी अक्सिडेण्टका रूपमा काम गर्ने भएकाले सेवन गर्न हुने सल्लाह चिकित्सकको छ । महामारीको यो बेलामा गेडागुडीका परिकार धेरै खान सुझाव दिइएको छ।

तुलसी, बाबरी, घोडटाप्रे, रुधिलोजस्ता जडिबुटीले शरीरमा रोग प्रतिरोधी क्षमता बढाउन सहयोग गर्छ । पखाला लाग्दा ज्वानु र मरिचपानीमा उमालेर जीवनजल राखी खान सकिने चिकित्सक कोइरालाले बताउनुभयो । समाजका उपाध्यक्ष महेश पराजुलीले महामारीका बेला अन्तरक्रिया नियमित रूपमा गरिने जानकारी दिनुभयो ।

# स्वास्थ्य संस्थालाई दश लाख

पोखरापत्र संवाददाता
तनहुँ, २२ जेठ

अपाङ्गता भएका व्यक्तिको हितमा काम गर्दै आएको राष्ट्रिय एकीकृत विकास सङ्घ (निडा) ले तनहुँका चार वटा स्वास्थ्य संस्थालाई स्वास्थ्य सामग्री सहयोग गरेको छ।

संस्थाले भानु नगरपालिकाको पुरनडिही नगर अस्पताल, बन्दीपुर गाउँपालिकाको बन्दीपुर अस्पताल, शुक्लागण्डकी नगरपालिकाको जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र र भिमाद नगरपालिकाको भिमाद स्वास्थ्य केन्द्रलाई रु दश लाख बराबरको स्वास्थ्य सामग्री प्रदान गरिएको संस्थाले जनाएको छ । निडा तनहुँकी दिना गोतामेका अनुसार कोभिड अस्थायी अस्पतालको रुपमा रहेको संस्थाहरुलाई प्रत्येकका लागि ६२ थान पिपिई, पाँच थान अक्सोमिटर र एक थान अक्सिजन कन्सनट्रेटर सहयोग गरिएको छ।

स्वास्थ्य सामग्रीको अभावमा विरामी र स्वास्थ्यकर्मीहरुले समस्या झेल्न नपरोस् भन्ने उद्देश्यले सहयोग गरेको निडाका अध्यक्ष विजयकुमार कार्कीले जानकारी दिनुभयो । निडा हङकङका नागरिक कादुरीको आर्थिक सहयोगमा गैर सरकारी संस्थाको रुपमा परिचालन हुँदै आएका छ।

संस्थाले गोरखाको पालुङटारको आँपपिपल अस्पताल, लमजुङको नमुना सामुदायिक अस्पताल सुन्दर बजारलाई पनि सहयोग गरेको छ।

# बन्दीपुरको बजेट, नीति तथा कार्यक्रमका लागि सुझाव माग

पोखरापत्र संवाददाता
दमौली, २२ जेठ

तनहुँको बन्दीपुर गाउँपालिकाले आगामी आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट, नीति तथा कार्यक्रमका लागि सुझाव माग गरेको छ।

गाउँपालिकाले आगामी वर्षको बजेट, नीति तथा कार्यक्रम कस्तो बनाउने भन्ने विषयमा सम्पूर्ण राजनीतिक दल, सङ्घसंस्था, नागरिक सामज, गैरसरकारी संस्था, शिक्षक एवं स्वदेश तथा विदेशमा बस्ने नागरिकसँग सुझाव माग गरेको हो।

प्रत्येक स्थानीय तहले असार १५ गते गाउँ वा नगरसभामा बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्था छ। सोही व्यवस्था बमोजिम स्थानीय तह यतिबेला बजेट, नीति तथा कार्यक्रम तर्जुमाको तयारीमा छन् ।

गाउँपालिकाले संविधानद्वारा स्थानीय तहलाई प्रदत्त अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का प्रावधान, पन्ध्रौं योजना, दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण तथा बन्दीपुर गाउँपालिकाको एकीकृत विकास गुरुयोजना २०७६-२०९६ का दीर्घकालिन सोच, लक्ष्य तथा उद्देश्यसँग तादम्यता हुने गरी आवश्यकताका आधारमा बजेट, नीति तथा कार्यक्रम बनाउने तयारी गरेको छ। सोही सम्बन्धमा जेठ २७ गतेभित्र सबैले गाउँपालिकालाई सुझाव दिन सक्ने प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदीले बताउनुभयो । "गाउँपालिकाको नीति तथा कार्यक्रम, बजेट कस्तो बनाउने भन्ने विषयमा सबैसँग नीतिगत सुझाव माग गरेका छौं", उहाँले भन्नुभयो, "सङ्कलन भएका सुझावहरुलाई समेटेर नीति, कार्यक्रम तथा बजेट निर्माण गर्छौं ।" बजेट, नीति तथा कार्यक्रममा सबैको अपनत्व कायम गर्न खोजिएको उहाँले बताउनुभयो । बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले जनताको आवश्यकता र मागका आधारमा आगामी वर्षको बजेट, नीति तथा कार्यक्रम बनाइने जानकारी दिनुभयो।

# रेडियोमा 'हेलो लोक सेवा'

पोखरापत्र संवाददाता
बागलुङ, २२ जेठ

विद्यार्थीलाई स्वअध्ययनतर्फ उत्प्रेरित गर्न बरेङ गाउँपालिकाले स्थानीय रेडियोमार्फत् 'हेलो लोक सेवा' कार्यक्रम शुरु गरेको छ।

लक्षित वर्ग उत्थानअन्तर्गत गाउँपालिका र सामुदायिक रेडियो बिहानीको साझेदारीमा शनिबारदेखि उक्त कार्यक्रम शुरु गरिएको हो । अबदेखि हरेक बिहान १० देखि ११ बजेसम्म कार्यक्रम सञ्चालन हुनेछ। कार्यक्रम खुला प्रतियोगितात्मक हुने गाउँपालिकाले जनाएको छ। कार्यक्रममा गाउँपालिकाभित्रका इच्छुक विद्यार्थी तथा लोक सेवा तयारी गरेर बसेका सबैले भाग लिन पाउनेछन्।

प्रश्नहरू लोक सेवा आयोगले निर्धारण गरेको खरिदार वा सो समूहको पाठ्यक्रमबाट सोधिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश थापाले जानकारी दिनुभयो। प्रतियोगिताका विजेतालाई गाउँपालिकाले लोक सेवाका अध्ययन सामग्रीसहित पुरस्कार प्रदान गर्ने उहाँको भनाइ छ । विद्यार्थीले रेडियोले उपलब्ध गराएको टेलिफोन नम्बरका माध्यमबाट कार्यक्रममा भाग लिन सक्ने प्रबन्ध मिलाइएको छ । प्रश्नपत्र निर्माण र त्यसको गोपनियता कायम गर्ने जिम्मेवारी रेडियोले लिएको स्टेशन प्रमुख शेखर थापाले बताउनुभयो।

'आउँदो असार मसान्तसम्म यो कार्यक्रम नियमित चल्छ', उहाँले भन्नुभयो । 'रेडियोसँग मिलेर गाउँपालिकाले 'विषयगत हाजिरीजवाफ प्रतियोगिता' पनि सञ्चालन गर्दै आएको छ । विद्यार्थीमा स्वअध्ययनसँगै प्रतिस्पर्धी भावनाको विकास गराउने, विषयगत शिक्षकलाई सक्रिय बनाउने आदि उद्देश्यले सञ्चालित सो कार्यक्रम छोटै अवधिमा प्रभावकारी देखिएको छ । यस्ता कार्यक्रमले स्थानीय सञ्चारमाध्यमको सदुपयोग र सबलीकरणमा पनि टेवा पुग्ने गरेको छ । सोका लागि गाउँपालिकाले रेडियोलाई आर्थिक सहायता पनि उपलब्ध गराउने गरेको छ ।

कोरोना महामारीको विषम स्थितिमा गत वर्ष रेडियोबाटै वैकल्पिक सिकाइ सहजीकरण र एसइई दिने विद्यार्थीका लागि तयारी कक्षा पनि सञ्चालन गरिएको थियो । प्रमुख प्रशासकीय अधिकृत थापाले शिक्षालाई पहिलो प्राथमिकता दिएर गाउँपालिकाले लगानी बढाएको बताउनुभयो । जीवनपर्यन्त सिकाइ प्रवर्द्धनका लागि सूचना, प्रविधिको प्रयोगलाई जोड दिइएको उहाँको भनाइ छ । बरेङले शैक्षिक क्षेत्र सुधारका लागि 'गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम' पनि सञ्चालन गरेको छ।

# बिरामीको नि:शुल्क सेवामा व्यासनगर जेसिआई

**–सानेबहादुर नेपाली**
**तनहुँ, २२ जेठ**

कोरोना कहरको चपेटमा परेका बिरामीको उद्दारमा निशुःल्क सहयोग गर्ने कार्यमा व्यासनगर जेसिआई केही समय यता क्रियाशील रहेको छ।

दोस्रो लहरको कोरोनाको नयाँ भेरियन्ट आक्रामक रुपमा गाउँशहरमा फैलिन थालेपछि एकपछि अर्को अप्ठयारोमा पर्दै गएका बिरामीको लागि व्यासनगर जेसिआईले निस्वार्थ भावले सहयोग गर्दै आएको छ।

खासगरी सुत्केरी, गर्भवती र अशक्त वृद्धवृद्धाको उद्दार गरेको छ। रातदिन कुनै पनि समय र दुर्गम ठाउँकोसमेत पर्वाह नगरी सो संस्थाले सेवा दिँदै आएको छ। अस्पतालले सुत्केरी मिति तोकिएको दिन कुनै सवारी नपाउँदा छट्पटाएकी व्यासनगरपालिका-१४ सुखौरा निवासी गर्भवती विष्णु मगरलाई जेसिआईले केशवटार स्वास्थ्य चौकीबाट दमौली अस्पतालमा पुर्‍याएको छ। निषेधाज्ञाका कारण अत्यावश्यक बाहेक अन्य सवारी नचल्दा समस्यामा परेका व्यक्तिहरुलाई घरबाट उद्दार गरी पोखरा र दमौली अस्पतालसम्म पुर्‍याउने कार्यमा सो संस्थाले सहयोग गरेको हो।

आर्थिक अभावका कारण गाडी रिर्जभ गर्न नसकेर अलपत्र परेका, कोरोना सङ्क्रमित नभएका, विपन्न व्यक्तिको उद्दारका लागि संस्था खटिदै आएको जेसिआई व्यासनगरका उपाध्यक्ष पवन पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार गत शनिबारदेखि थालिएको अभियानमा व्यासनगरपालिका र आसपासका पालिकाका विभिन्न स्थानबाट नौ जनाको उद्दार गरी सम्वन्धित स्थानसम्म सुरक्षित पुर्‍याइएको छ। जिल्लाको भानुनगरपालिका -६ की गर्भवती सुस्मिता अधिकारी, आँबुखैरेनी गाउँपालिका-१ की युमन नेपाली, व्यासनगरपालिका-१२ दलीमाया थापा, भानुनगरपालिका-५ की विभामाया सुनार, व्यासनगरपालिका-१२ का वृद्धलाई दमौलीबाट घरसम्म, ऋषिङ्गाउँपालिका-१ की सुत्केरी मनिषा बराली लगायतको यसअघि उद्दार गरिएको जेसिआईले जनाएको छ। यसअघि जेसिआईले व्यास नगरपालिका-३ अनसन चौतारीमा रु.तीन लाख ५० हजार खर्च गरेर दमौलीमा सार्वजानिक धारा समेत निर्माण गरिसकेको छ।

कोरोना सङक्रमणका बिरामी बढिरहेको अवस्थामा गर्भवतीले समयमा उपचार पाउन कठिन हुने अवस्था देखिएपछि निःशुल्क सेवाको शुरुआत गरिएको जेसिआई व्यासनगरका अध्यक्ष लक्ष्मीभक्त खनालले जानकारी दिनुभयो। उहाँका अनुसार व्यासनगर क्षेत्र तथा आसपासका गर्भवती-सुत्केरी अतिरिक्त अशक्त तथा दुर्घटनामा परेकाहरुको उद्दारको लागि निःशुल्क यातायातको व्यवस्था मिलाइएको छ। "समयमा उपचार नपाउँदा मृत्यु भइरहेको छ, सङ्क्रमण बढ्दो स्थिति रहेको छ", अध्यक्ष खनालले भन्नुभयो, "मान्छेको ज्यान बचाउन र सुरक्षित अवस्थामा अस्पताल पुर्‍याउनको लागि निस्वार्थ भावनाले सेवा थालेका हौं।"

# संक्रमितको घरघरमा औषधि र स्वास्थ्यकर्मीसहित जनप्रतिनिधि

**पोखरापत्र संवाददाता**
**बागलुङ, २२ जेठ**

अहिले जिल्लाका जनप्रतिनिधिहरू कोरोना सङ्क्रमितको घरघरमा पुगेर स्वास्थ्य अवस्था बुझ्न व्यस्त छन्।

जिल्लाका काठेखोला गाउँपालिकाका अध्यक्ष अम्मरबहादुर, काठेखोला गाउँपालिका-७ का वडाध्यक्ष प्रेम लामिछाने सङ्क्रमितको घरघरमा स्वास्थ्यकर्मीसहित पुग्नुभएको छ। यस्तै बागलुङ नगरभित्रका कोरोना सङ्क्रमितलाई हौसला तथा औषधि वितरण गर्दै बागलुङ नगरपालिकाका प्रमुख तथा नगरपालिकाको स्वास्थ्य शाखाको टोली घरघरमा पुगिरहेका छन्।

नगरपालिकाको टोलीले पालिकाभित्र रहेका होमआइसोलेसनमा रहेका बिरामीको स्वास्थ्य अवस्था मात्र बुझेका छैनन्, आवश्यक परामर्श पनि दिएका छन्। बागलुङ नगरपालिकाका प्रमुख जनकराज पौडेल तथा स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनाललगायत स्वास्थ्यकर्मीको टोलीले नगरपालिकाका विभिन्न वडामा रहेका सक्रिय सङ्क्रमितको घरघरमै पुगी स्वास्थ्य अवस्था बुझ्दै, आवश्यक सिटामोल, जीवनजल, भिटामिनलगायतका औषधि वितरण गर्दै तथा आवश्यक परामर्श दिइरहेका छन्।

भेटमा स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिने, होमआइसोलेसनमा बस्दा अपनाउनुपर्ने विभिन्न विधिहरूको बारेमा जानकारी गराउने, मास्क, सेनिटाइजरलगायतका स्वास्थ्य सामग्री र पोषिलो खानेकुरा खानेलगायत स्वास्थ्य मापदण्डको बारेमा जानकारी दिइरहेका छन्। नगरपालिकाका प्रमुख जनकराज पौडेल भन्नुहुन्छ, "कोभिड-१९ ले निम्त्याएको तथा निम्त्याउने खतरा भयावह बन्दै गैरहेको छ, तैपनि सामान्य लक्षण हुँदा पनि सङ्क्रमित भइसकेपछि मानिसलाई मानसिकरूपमा असर पर्ने र आत्तिने गर्छन्, यस्तो बेलामा हामी नगरपालिकाको स्वास्थ्यर्मीसहित घरघरमा पुगेका छौं।" यसो गर्दा सङ्क्रमित तथा सङ्क्रमितका परिवारलाई थोरै भए पनि मानसिक तनाव कम हुने भन्दै अभियान थालिएको हो नगर स्वास्थ्य शाखाले जनाएको छ।

पालिकाभित्र रहेको स्वास्थ्य चौकीले कसरी काम गरिरहेको र त्यसको अनुगमन पनि गर्नका निम्ति उक्त अभियान शुरु गरेको उहाँले बताउनुभयो। बागलुङ नगरपालिकाका नगर स्वास्थ्य शाखाका प्रमुख रामप्रसाद खनालका अनुसार सङ्क्रमितलाई मानसिक रूपमा तन्दुरुस्त गराउन सकेमा रोक छिटोभन्दा छिटो निको हुने बताउनुहुन्छ। "कोभिड-१९ को महामारी रोकथाम, व्यवस्थापन र नियन्त्रणको सिलसिलामा नगरप्रमुखको नेतृत्वमा नगर क्षेत्रभित्र रहेको कोरोना सङ्क्रमितको घरघरमा पुगरे सक्रिय सङ्क्रमितको स्वास्थ्य अवस्था बुझ्नुका साथै शिघ्र स्वास्थ्यलाभको कामना गर्दै औषधि पनि दिएको छौं", उहाँले भन्नुभयो "घरघरमा पुगी स्वास्थ्य अवस्था बुझ्दा सङ्क्रमितहरूको आत्मबल बढेको पाएका छौं।"

सङ्क्रमित तथा सङ्क्रमितको परिवारले यस अभियानलाई सकारात्मक हिसाबले लिएको प्रतिक्रिया दिएका छन्। क्वारेन्टाइनमा बस्नभन्दा परिवारको रेखदेखमा बस्नाले रोगलाई छिटो परास्त गर्न सकिने कोरोना सङ्क्रमण पुष्टि भएर निको भएकाहरूको भनाइ छ। नगरप्रमुख तथा नगर स्वास्थ्य शाखाको टोली घरघरमा गएर कोरोना सङ्क्रमितलाई भेट्दा आफूहरूलाई ढुक्क भएको सङ्क्रमित तथा सङ्क्रमितका परिवारले बताएका छन्।


## हार्दिक समवेदना



जन्म
वि.स.२०३०/११/०५

स्वर्गारोहण
वि.स. २०७८/०२/११

स्व. हुम बहादुर रानाभाट

यस चण्डीमाई सेवा समिति पोखरा-९ का आजिवन सदस्य हुम बहादुर रानाभाटको ४७ वर्षको उमेरमा असामायिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै यस दुखद् घडिमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

तेजबहादुर भुजेल
अध्यक्ष एवं
**चण्डीमाई सेवा समिति परिवार**
दरवारथोक, पोखरा-९, कास्की



**रक्तदान जीवनदान**
**जीवनदान महादान**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १३ संगमटोल ABC सानो बाटो ढलान निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : संगमटोल ABC सानो बाटो ढलान**
**स्थान: पोमनपा वडा नं. १३**
**योजना सुरु मिति : २०७७/१२/२६ गते**
**योजना सम्पन्न मिति : २०७८/०१/१५ गते**
**योजनाको कुल लागत : रु. ५,८४,९९३।–**
**महानगरपालिकाबाट प्राप्त रकम : रु. ३,३५,०००।–**
**जन सहभागितावाट : रु.२,३१,४४०।–**
**उपभोक्ता समिति:**
**दम बहादुर गुरुङ – अध्यक्ष**
**समिति संख्या जम्मा: ८**
**५ पुरुष र ३ महिला सदस्य**

**संगमटोल ABC बाटो निर्माण समिति**
**पोखरा -१३**


# कोरोनाको सम्भावित तेस्रो लहरबाट बच्ने तयारी

**–तारानाथ आचार्य**
**बलेवा, २२ जेठ (रासस)**

कोरोना महामारीको तेस्रो र चौथो लहरले बालबालिका धेरै प्रभावित हुने आँकलन सरकारले गरेको छ।

शुक्रबार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सबै स्वास्थ्य संस्थालाई परिपत्र गर्दै तेस्रो र चौथो लहरबाट बालबालिका प्रभावित हुने भन्दै स्वास्थ्य संस्थामा तयार रहेका आइसोलेसनमा रहेका शय्याको २० प्रतिशत शैय्या बालबालिकाका लागि छुट्याउन र अन्य तयारी गर्न मन्त्रालयले निर्देशन दिएको छ।

जिल्लामा रहेको एक मात्र अस्पताल धौलागिरि अस्पतालमा तेस्रो लहरसँग जुध्न पूर्वाधारको अभाव छ। अस्पतालमा बालबालिकाका लागि आवश्यक सघन उपचार कक्ष (एनआइसियु र पिआइसियु) छैन्। "बालबालिकाका लागि भनेर छुट्टै व्यवस्था केही पनि छैन्" अस्पतालका प्रमुख चिकित्सक शैलेन्द्र बिक पोखरेलले भन्नुभयो, "अहिले पनि शङ्कास्पद बिरामीको जाँच र उपचार वयस्कहरूको जस्तै गरेर गरिरहेका छौं, फर्काएका छैनौं।' बच्चाको लागि आवश्यक पूर्वाधारको तयारीमा लागेको उहाँले बताउनुभयो।

एक महिनाभन्दा कम उमेरका बालबालिकाका लागि अन्य समयमा समेत आवश्यक पर्ने एनआइसियु स्थापनाका लागि पटक-पटक आग्रह गरिएको भएपनि अहिलेसम्म सङ्घीय र प्रदेश सरकारबाट सम्बोधन हुन नसकेको गुनासो उहाँले गर्नुभयो। "२० प्रतिशत शैय्याको विषयमा हामी छलफलमै छौं, तयारी केही भैसकेको छैन्", उहाँले भन्नुभयो "पूर्वतयारीमा लाग्ने निर्देशन छ सोही अनुसार काम हुन्छन्।"

अस्पतालमा दाताहरूले बालबालिका लागि आवश्यक सघन उपचार कक्षको स्थापनामा चासो देखाएको उहाँले बताउनुभयो। दाताको सहयोग लिएर व्यवस्थापनमा लाग्ने अस्पतालको तयारी छ। स्वास्थ्य कार्यालय बागलुङले भने सबै बर्थिङ सेन्टर, स्वास्थ्य संस्था र अस्थायी कोभिड अस्पताललाई दोस्रो र तेस्रो लहरका लागि तयार राख्ने प्रयास थालेको छ।

"बच्चा प्रभावित हुने भाइरसले बर्थिङ सेन्टरमा सबैभन्दा ठूलो प्रभाव राख्छ", कोभिड स्रोत व्यक्ति देवप्रकाश घिमिरेले भन्नुभयो, "हामीलेछलफलचलाउँछौंरनिर्देशनअनुसार तयारी हुन्छ।" घिमिरेका अनुसार बालबालिकाको अक्सिजनको मात्र नाप्ने यन्त्र, मास्क, र अस्पतालहरूमा अनुगमन गर्ने विधिको अभाव छ। वयस्कहरूका लागि प्रयोग हुने स्रोत साधनले बालबालिकाका लागि नहुने कार्यालयको आँकलन छ। बागलुङमा निसीखोला, बरेङ, ताराखोलारकाठेखोलागाउँपालिकामा अस्थायी कोभिड अस्पताल बनाइएको छ। ती अस्पतालहरूमा पनि बालबालिकाका लागि शैय्या भने छुट्टाएका छैनन्।

**निशेधाज्ञाले आश्रममा अभाव**

सडक मानवहरूको उद्धार र स्याहार गर्दै आएको मानव सेवा आश्रम बागलुङ निशेधाज्ञाका कारण समस्यामा परेको छ। दाताहरूको सहयोगका आधारमा सञ्चालित आश्रममा निशेधाज्ञामा सहयोग आउन छोडेको हो। सहयोग गर्ने दाताहरू कोरोना सङ्क्रमणको त्रासका कारण आश्रमको सम्पर्कमा आउन छोडेपछि सहयोग घटेको हो।

दाताहरू आउन छोडेपछि आश्रम सञ्चालनमा हम्मेहम्मे परेको छ। पचपन्न महिला, बालबालिका तथा वयोवृद्धाहरूलाई आश्रय दिइरहेको आश्रमले दैनिक खर्च चलाउन समेत कठिन भएको आश्रमकी सञ्चालिका सुमिरा लामाले बताउनुभयो। आश्रममा दाल, चामल, नुन, तेललगायतका दैनिक उपभोग्य वस्तु सकिएका छन्। आश्रमको दैनिक सञ्चालन खर्च गर्न नगदसमेत छैन। सञ्चित पुँजी नरहेको र सहयोग रोकिँदा आश्रम सञ्चालनमा समस्या भएको लामाले बताउनुभयो। जन्मदिन, स्मृति दिवस र अन्य सामाजिक सङ्घसंस्थाहरूको स्थापना दिवसका कार्यक्रम हुँदा आश्रमलाई सहयोग आउने गरेको थियो। निशेधाज्ञाका कारण कुनै पनि कार्यक्रमहरू सञ्चालन भएका छैनन्। वैदेशिक रोजगारमा रहेकाहरूले गर्ने सहयोग समेत रोकिएको छ। लामो समय सहयोग रोकिँदा भएको सञ्चित रकम समेत सकिएको आश्रमले जनाएको छ। "सहयोगी मनका धनी व्यक्तिहरूको कारण मानव सेवा आश्रम सञ्चालन भइरहेको थियो" लामा भन्नुहुन्छ, "अहिले कोही आउनु भएको छैन्, यहाँका लक्ष्मीनारायणहरूलाई खाना खाजा खुवाउन समेत समस्या भैरहेको छ।" स्थानीय व्यापारीबाट खाद्यान्न उधारो लिएर काम चलाएको लामाले बताउनुभयो। आश्रममा रहेका ५३ जनालाई कोरोनाविरुद्धको खोप लगाइएकाले सङ्क्रमणबाट हुने क्षतिको त्रास भने कम छ।

**किसानले दूधको भुक्तानी पाएनन्**

दूधको भुक्तानी रोकिएपछि बागलुङको बलेवा र कुशमीशेरा क्षेत्रका किसान मर्कामा परेका छन्। बागलुङ नगरपालिकाको अमलाचौर, नारायणस्थान र जैमिनी नगरपालिकाको कुश्मीशेराका किसानले उत्पादन गर्ने दूधको भुक्तानी रोकिएको हो। कुश्मीशेराको टुनीबोट, खौर, किसेक, बागलुङ नगरपालिका-१२ अमलाचौरको टाकुरी, सरङ्गी गाउँका किसानले लामो समयदेखि दूध विक्रीबापतको भुक्तानी नपाएका हुन्।

कुश्मीशेराको टार र बागलुङ नगरपालिका–१४ को नारायणस्थानका किसानको पनि समस्या उस्तै छ। मुख्य आयस्रोत दूधको भुक्तानी नै रोकिएपछि किसानहरू मर्कामा छन्। दूध उतपादनकै लागि पालिएका गाई भैंसीलाई खुवाउने दाना चापट र घर खर्च चलाउन समेत कठिन भएको किसान प्रेम पौडेल बताउनुहुन्छ। यहाँ उत्पादन भएको दूध बागलुङ र पर्वतका विभिन्न दूध डेरीहरूले खरीद गर्छन्। बागलुङको दक्षिणमा रहेका चार वटा दुग्ध उत्पादक सहकारीको साझा बिक्री केन्द्र गठन गरेर सहकारीहरूले दूध बिक्री गर्छन्। कालीगण्डकी, पल्लोपाखा, नवनमूना र बलेवा नारायणस्थान दुग्ध उत्पादक सहकारी संस्थाको सहभागिता रहेको संयुक्त बिक्री केन्द्र छ। बिक्री केन्द्रमार्फत दूध खरीद गरेका कतिपय डेरी पसलहरूले अघिल्लो वर्षको असारदेखिको पैसा भुक्तान गरेका छैनन्। "हाम्रो दूध लिने बागलुङको न्यू लक्ष्मी डेरीले अघिल्लो असारपछिको पैसा दिएकै छैन, पटकपटक ताकेता गर्दा समेत पैसा नआएपछि हामी प्रक्रियामा जाँदैछौं,' संयुक्त विक्री केन्द्रका अध्यक्ष लीलाधर पौडेलले भन्नुभयो, "डेरीहरूले रकम रोकिदिँदा सहकारीले किसानलाई उपलब्ध गराउन सकेनन्।"

पौडेलका अनुसार कुश्माको शीतल डेरी, मोदीकाली डेरी, न्यू कालिगण्डकी डेरी र बागलुङको अभिशेक डेरीलगायतका संस्थाले किसानको रकम भुक्तानी नदिएका हुन्। 'झण्डै रु २५ लाख उठ्न बाँकी छ, केहीको एक वर्ष पुग्यो, केहीले चार/पाँच महिनादेखि रोकेका छन्,' पौडेल भन्नुहुन्छ, "यता सहकारीहरूले आफ्नै स्रोतबाट पनि किसानको रकम भुक्तानी गर्न सक्ने अवस्था छैन।" बिक्री भएको दूधकै पैसा नआएका कारण किसानलाई समयमा भुक्तानी दिन कठिन भएको कालीगण्डकी दुग्ध उत्पादक सहकारी संस्थाका सचिव रुद्रनाथ शर्माले बताउनुभयो।

यहाँका डेरी पसलहरूले भुक्तानी समयमा नदिएपछि अहिले चार वटै सहकारीबाट उत्पादित दूध पोखराको लभकुश डेरीमा पठाउन थालिएको छ। चार वटा सहकारीले दैनिक एक हजार लिटर दूध उत्पादन गर्छन्। "पोखराको डेरीबाट हाम्रै दूध ल्याएर बेचेका छन् तर हाम्रो पुरानो पैसा दिँदैनन्", पौडेल भन्नुहुन्छ, "वैशाख यता पोखरा गएको दूधको भुक्तानी भने रोकिएको छैन।"

सहकारीहरूको संयुक्त बैठकले एकपटक आग्रह गर्ने र भुक्तानी नपाए कानुनी प्रक्रियामा जाने निर्णय गरेको अध्यक्ष पौडेलले सुनाउनुभयो। मुख्य याममा दूध 'होलिडे' गर्न लगाउने र बेमौसममा खरीद गर्ने गरेका डेरी पसलहरूले किसानको दूधको भुक्तानीमा भने आलटाल गर्दै आएका छन्। समयमा भुक्तानी नपाउँदा किसान भने पेशाप्रति नै निराश हुने गरेका छन्।

# आश्रममा प्रदेश सरकारको लगानी

**पोखरापत्र संवाददाता**
**बागलुङ, २२ जेठ**

जिल्लालाई 'सडक मानवरहित' बनाउने अभियानमा सक्रिय मानव सेवा आश्रमको अब आफ्नै भवन बन्ने भएको छ। आश्रम खुलेको पाँच वर्षपछि बागलुङ नगरपालिका-४ निरयघाटमा भवन निर्माण थालिएको हो।

गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयबाट छुट्याइएको रु ५० लाख बजेटबाट भवनको काम शुरु गरिएको निर्माण समितिका अध्यक्ष एवं आश्रमका अभिभावक शिव खड्काले जानकारी दिनुभयो। नगरपालिकाले उपलब्ध गराएको पाँच रोपनी जग्गामा तीनतले भवन बन्न लागेको हो। "बेलैमा बजेट व्यवस्थापन हुन सकेमा आउँदा तीन वर्षभित्रैमा निर्माण पूरा गर्ने लक्ष्य छ", अध्यक्ष खड्काले भन्नुभयो, "अहिले भुइँतला ढलानको काम भइरहेको छ।" चालु आवमा प्रदेशबाट आएको बजेटले भ्याउने जति निर्माणको काम हुने बताइएको छ।

सय जना अट्ने गरी भवनभित्रको संरचना बनाइने भएको छ। योग, ध्यान र प्रशिक्षणका लागि छुट्टै कक्ष हुनेछ। आश्रमका सबै पूर्वाधार खडा गर्दा झण्डै रु दश करोडको बजेट अनुमान गरिएको छ। सङ्घ, प्रदेश सरकार र जिल्लाका स्थानीय तहमा बजेट माग गरिने आश्रमले जनाएको छ।

नगरपालिकाले यसअघि नै आश्रमको अभिभावकत्व ग्रहण गरिसकेको छ। नगरपालिकाकै पहलमा जग्गाको व्यवस्थापन भएपछि भवन निर्माणको टुङ्गो लागेको थियो। अहिले बागलुङ बजारस्थित अर्कैको घरबाट अस्थायी रूपमा आश्रम सञ्चालित छ। ठाउँ अभावले गर्दा धेरै जनालाई आश्रय दिन नसकिने स्थिति छ। आश्रमले सडकमा अलपत्र दीनदुःखीको उद्धार, पालनपोषण र परिवारसँग पुनर्मिलन गराउँदै आएको छ। आश्रमका संयोजक सुमिरा लामाका अनुसार अहिले ३४ जनाले आश्रय लिइरहेका छन्। आश्रम मनोरोग, अपाङ्गता, गरिबीलगायत कारणले सडकमा पुगेका सहयोगापेक्षीको सहारा बन्दै आएको छ। अहिलेसम्म सयौं सडक मानवलाई उद्धार गरिएको संयोजक लामाले बताउनुभयो। तीमध्ये कैयनको परिवारसँग पुनर्मिलन भइसकेको छ। "दुःख पाएर सडकमा पुगेको, सहाराविहीन, मनोरोगी आदि भेटिनुभयो भने उद्धार गरी आश्रममा ल्याउँछौं", संयोजक लामाले भन्नुभयो। आश्रमले अघिल्लो वर्ष बागलुङलाई सडक मानवरहित जिल्लाका रूपमा घोषणा गर्ने तयारी गरे पनि कोरोनाका कारण लक्ष्य पछाडि धकेलिएको छ।

दुई वर्षअघि कालिका भगवती मन्दिर परिसरमा मागेर जीवन गुजारिरहेका सहयोगापेक्षीको उद्धारसँगै उक्त अभियान आरम्भ भएको थियो। मन्दिर परिसर भने 'सहयोगापेक्षी सडक मानवमुक्त' क्षेत्रका रूपमा घोषणा भइसकेको छ। 'सडक मानवरहित बागलुङ'को लक्ष्यमा पुग्न आश्रमले स्थानीय तह, प्रशासन र सामाजिक सङ्घसंस्थासँग हातेमालो गरिरहेको छ। परिवार र समाजबाट अपहेलित भएर सडकमा अलपत्र परेका नागरिकको संरक्षण गर्ने उद्देश्यले स्थानीय अभियानकर्मी तथा स्वयंसेवी युवाको पहलमा विसं २०७२ मा आश्रम खोलिएको थियो।

सोही वर्ष चार सडक बालबालिकालाई उद्धार गरी पोखरास्थित बालगृहमा पठाइएको थियो। त्यसयता सडकमा मागेर खाने, सडक पेटीमै सुत्ने बालबालिकालाई आश्रमले उद्धार गरिरहेको छ। आश्रमले सहारा नपाएर अलपत्र परेका बालबालिकालाई उद्धार गरी पढाइमा समेत लगाउने गरेको छ।